राष्ट्रिय दैनिक

समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ९९ २०८३ कात्तिक १४ गते शनिवार (31 Oct. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

शनिबार अपराह्नपछि चक्रवात ‘अर्णव’ को प्रभाव कम हुने

काठमाडौँ, १३ कात्तिक । नेपाल मौसम विज्ञान विभागले शनिबार अपराह्नपछि चक्रवात ‘अर्णव’ को प्रभाव र वर्षाको गतिविधि कम हुँदै जाने जनाएको छ ।

विभागका अनुसार कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका धेरै स्थान तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक-दुई ठाउँमा हल्का वर्षा भइरहेको छ ।

“शनिबार अपराह्नदेखि भने यसको प्रभाव क्रमिक रुपमा कम हुने भए तापनि स्थान विशेष मौसमसम्बन्धी सूचनामा अद्यावधिक रहनुहोला”, विभागका मौसमविद् डेभिड ढकालले बताउनुभयो ।

भारतमा शक्तिशाली चक्रवात ‘अर्णव’ बलियो न्यूनचापीय क्षेत्रका रूपमा विकसित भए पनि नेपाल प्रवेश गर्दा कमजोर भएकाले नेपालमा वर्षा, हिमपात तथा हावाहुरीको असर भने सामान्य रहेको विभागले जनाएको छ। उहाँका अनुसार आज दिउँसो र राति देशका अधिकांश स्थानमा वर्षा र हिमपातको सम्भावना रहेको छ । “आज दिउँसो कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका साथै कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भू-भागका अधिकांश स्थानमा बदली रहनेछ ।



ती प्रदेशका पहाडी तथा हिमाली भू-भागका केही स्थानमा भने मेघगर्जन र चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ”, उहाँले भन्नुभयो ।

विभागका अनुसार राति पनि देशका अधिकांश स्थानमा बदली रहनेछ । सो अवधिमा मध्यम वर्षा तथा हिमपातको सम्भावना छ भने केही स्थानमा भारी वर्षा तथा हिमपात हुनसक्ने पूर्वानुमान गरिएको छ । विभागका अनुसार पछिल्लो २४ घण्टामा सबैभन्दा धेरै वर्षा काभ्रेपलाञ्चोक जिल्लाको रोशी मौसम मापन केन्द्रमा ५०.२ मिलिमिटर मापन भएको छ । यस अवधिमा कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा तथा सुदूरपश्चिमका एक-दुई स्थानमा हल्का वर्षा भएको विभागले जनाएको छ । रासस

जनकपुरमा सजिँदैछ सुरसंगीतको महफिल

भारत(नेपाल सांस्कृतिक सम्बन्ध सुदृढ गर्ने उद्देश्यले भारतीय सांस्कृतिक सम्बन्ध परिषद्को आयोजनामा कार्यक्रम, जनकपुरलाई मिथिलाको साझा सांस्कृतिक विरासतको केन्द्रका रूपमा व्याख्या

समाचार दैनिक
जनकपुरधाम, १३ कात्तिक । भारतका चर्चित लोकगायिका विजया भारती र युवा पप, रक तथा सूफी गायक भव्य राज सांगीतिक प्रस्तुतिका लागि नेपाल आएका छन् । भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आईसीसीआर) को आयोजनामा हुन लागेको ‘नेपाल सांस्कृतिक संगीत यात्रा(२०२६’ अन्तर्गत उनीहरूले नेपालका पाँच प्रमुख सहरमा सांगीतिक प्रस्तुति दिनेछन् ।

भारत र नेपालबीचको ऐतिहासिक, सांस्कृतिक तथा जनस्तरको सम्बन्धलाई संगीतका माध्यमबाट थप सुदृढ बनाउने उद्देश्यले आयोजना गरिएको उक्त यात्रामा काठमाडौं, जनकपुर, वीरगञ्ज, विराटनगर र बुटवलमा कार्यक्रम तय गरिएको छ ।

जनकपुरधाममा भोलि शनिवारका दिन ‘नेपाल सांस्कृतिक संगीत यात्रा(२०२६’ हुने भएको जनाइएको छ ।

कार्यक्रमअनुसार अक्टोबर २९ मा काठमाडौंस्थित भारतीय दूतावासको सभाकक्षमा पहिलो प्रस्तुति हुनेछ । त्यसपछि अक्टोबर ३१ मा जनकपुरधाम, नोभेम्बर १ मा वीरगञ्ज, नोभेम्बर ३ मा विराटनगर र नोभेम्बर ५ मा बुटवलमा सांगीतिक कार्यक्रम आयोजना गरिनेछ ।



लोकसंगीत र आधुनिक संगीतको संयोजन रहने प्रस्तुतिमा गायिका भारतीले भोजपुरी, मैथिली तथा अन्य भारतीय लोकपरम्परामा आधारित गीत प्रस्तुत गर्नेछिन् भने गायक भव्य राजले पप, रक र सूफी संगीतमार्फत दर्शकलाई मनोरञ्जन प्रदान गर्नेछन्।

नेपाल प्रस्थान गर्नुअघि सञ्चारकर्मीसँग कुरा गर्दै गायिका विजया भारतीले जनकपुरसँग आफ्नो पारिवारिक तथा सांस्कृतिक सम्बन्ध रहेको बताइन्। मुम्बईमा जन्मिए पनि आफ्नो परिवारको जरा बिहारमा रहेको र मातृपक्षको सम्बन्ध मिथिलाको जनक नगरीसँग जोडिएको उनले उल्लेख गरिन्।

‘मेरो जन्म मुम्बईमा भएको हो। परिवार बिहारको हो। मेरो कर्मभूमि दिल्ली, उत्तर प्रदेश हुँदै सिंगो भारत बनेको छ। तर मेरो माइती जनक नगरी मिथिलामा छ। आज त्यही राजा जनकको पवित्र भूमिमा आउन पाउनु मेरो सौभाग्य हो,’ उनले भनिन्।

जनकपुर धार्मिक नगरी मात्र नभई प्राचीनकालदेखि ज्ञान, दर्शन र शास्त्रार्थको महत्वपूर्ण केन्द्रसमेत रहेको भारतीको भनाइ छ। राजा जनकको दरबारमा ऋषिमुनिहरूबीच दार्शनिक विमर्श हुने गरेको ऐतिहासिक तथा पौराणिक प्रसंग उल्लेख गर्दै उनले गार्गी, याज्ञवल्क्य र अष्टावक्रजस्ता विद्वान्हरूको योगदानले मिथिलाको बौद्धिक परम्परालाई समृद्ध बनाएको बताइन् ।

भारत र नेपालबीचको सम्बन्धलाई उनले ‘दुई शरीर, एक प्राण’को संज्ञा दिइन् । माता सीता र भगवान् रामको विवाहले त्रेतायुगदेखि नै दुई देशबीच सांस्कृतिक सम्बन्धको आधार निर्माण गरेको उनको भनाइ थियो ।

भारतीले नेपाली संस्कृति, अतिथि सत्कार र धार्मिक परम्पराको प्रशंसा गर्दै मैथिली साहित्यका महाकवि विद्यापतिलाई पनि स्मरण गरिन् । विद्यापतिद्वारा रचित शिवस्तुति, नचारी र महेशवाणी नेपाल र भारतका मिथिला क्षेत्रमा आज पनि उत्तिकै श्रद्धाका साथ गाइने गरेको उनले बताइन् ।

नेपालमा बाढी तथा विपद् आउँदा भारतमा पनि त्यसको पीडा महसुस हुने उल्लेख गर्दै उनले दुवै देशबीचको सम्बन्ध राजनीतिक सीमाभन्दा माथि रहेको धारणा राखिन् । नेपाली कलाकारहरूले भारतीय कला तथा संगीत क्षेत्रमा पुऱ्याएको योगदानको पनि उनले प्रशंसा गरिन् ।

भारती भोजपुरी तथा मैथिली लोकसंगीतकी स्थापित गायिका हुन्। सन् २००३ देखि भारतीय सांस्कृतिक सम्बन्ध परिषद्सँग आबद्ध रहेकी उनी आकाशवाणी तथा दूरदर्शनकी उच्च श्रेणीकी कलाकारसमेत हुन्। चार दशकदेखि लोकसंगीतको संरक्षण र प्रवर्द्धनमा सक्रिय उनले विभिन्न देशमा सांगीतिक प्रस्तुति दिइसकेकी छन्। उनका ११ वटा पुस्तक प्रकाशित छन् भने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा डेढ सयभन्दा बढी सम्मान प्राप्त गरेको आयोजकले जनाएको छ ।

बाँकी पृष्ठ ४मा

सरकारद्वारा एन-प्याब्सन निलम्बित

निर्देशन अवज्ञा र स्वीकृत विधानविपरीत गतिविधि गरेको गृह मन्त्रालयको ठहर

दैनिक समाचारदाता
जनकपुरधाम, १३ कात्तिक । सरकारले राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन-प्याब्सन) लाई अर्को निर्णय नभएसम्मका लागि निलम्बन गरेको छ ।

गृह मन्त्रालयले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ६ को उपदफा (२) बमोजिम एन-प्याब्सनलाई निलम्बन गर्ने निर्णय गरिएको जनाएको हो । मन्त्रालयका अनुसार एन-प्याब्सनले राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ५ बमोजिम मन्त्रालयबाट जारी गरिएका निर्देशन पटकपटक अवज्ञा गर्दै आएको पाइएको छ । साथै, संस्थाका पदाधिकारीहरूले नेपाल सरकारबाट स्वीकृत विधान र संस्थाको मूल उद्देश्यविपरीत गतिविधि सञ्चालन गरेको मन्त्रालयको ठहर छ ।

यसअघि मन्त्रालयले २०८३ असोज २३ गते सम्बन्धित सरोकारवालासँग छलफल गरी राष्ट्रिय निर्देशन ऐन, २०१८ तथा २०८२ मंसिर १२ गते जारी निर्देशनअनुसारका कार्य गर्न आग्रह गरेको थियो । तर, पटकपटक आग्रह गर्दा पनि निर्देशनको पालना नभएको मन्त्रालयले जनाएको छ ।

निर्देशनको निरन्तर अवज्ञा तथा संस्थाका गतिविधि स्वीकृत विधान र उद्देश्यअनुरूप नभएको निष्कर्षसहित मन्त्रालयले एन-प्याब्सनलाई अर्को निर्णय नभएसम्मका लागि निलम्बन गर्ने निर्णय गरेको हो ।

मन्त्रालयले निलम्बन सम्बन्धी सूचना जारी भइसकेपछि संस्थाको नाममा कुनै पनि समूह वा गुटले गतिविधि सञ्चालन नगर्न चेतावनी दिएको छ । त्यस्ता गतिविधि गैरकानुनी हुने जनाउँदै मन्त्रालयले संलग्न व्यक्तिहरूमाथि प्रचलित कानुनबमोजिम कारबाही गरिने स्पष्ट पारेको छ ।

सीमापार अपराध नियन्त्रणमा दुवै देश सहमत

दैनिक समाचारदाता
काठमाडौँ, १३ कात्तिक । सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेल र भारतको सशस्त्र सीमा बलका महानिर्देशक संजय सिंघलको नेतृत्वमा काठमाडौँमा नेपाल-भारत १०औँ समन्वय बैठक सम्पन्न भएको छ ।

बैठकमा अघिल्लो ९औँ समन्वय बैठकका निर्णय कार्यान्वयनको प्रगति समीक्षा गर्दै रणनीतिक, अपरेसनल र कार्यक्षेत्रगत तीनवटै तहमा सहकार्य तथा शीघ्र सूचना आदानप्रदानमार्फत सीमा क्षेत्रमा हुने अवैध गतिविधि र सीमापार अपराध नियन्त्रण गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

बैठकमा नेपालको तर्फबाट सशस्त्र प्रहरी बल नेपालका उच्च अधिकृत, परराष्ट्र तथा गृह मन्त्रालय, नापी विभाग, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका पदाधिकारी सहभागी थिए । भारतका तर्फबाट सशस्त्र सीमा बलका उच्च अधिकृत, काठमाडौँस्थित भारतीय दूतावास तथा विदेश र गृह मन्त्रालयका प्रतिनिधिको उपस्थिति थियो ।

नेपाल-भारत सीमा क्षेत्रको समग्र सुरक्षा अवस्था शान्तिपूर्ण कायम राख्न सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बलका इकाइहरूले प्रदर्शन गरेको व्यावसायिकता र सहकार्यको दुवै पक्षले सराहना गरेका थिए । सामाजिक सञ्जालको दुरुपयोग तथा भ्रामक सूचनाले आपसी सुरक्षा र सामाजिक सद्भावमा उत्पन्न गरेको चुनौती सामना गर्न संस्थागत सहकार्य सुदृढ गर्ने सहमति पनि भएको छ ।

दशगजा क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि अनधिकृत खेतीपाती, अतिक्रमण र अवैध संरचना हटाउन निरन्तर संयुक्त प्रयास गर्ने निर्णय बैठकले गरेको छ । बाउन्ड्री वर्किङ ग्रुप र सर्भे अफिसियल्स कमिटीका निर्णयअनुसार सीमा स्तम्भको नियमित मर्मत, सम्भार तथा पुनर्निर्माणका लागि फिल्ड तहमा समन्वय बढाउने सहमति पनि भएको छ ।

सीमापार आपराधिक सञ्जाल, अवैध तस्करी, मानव बेचबिखन,

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी



सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

‘बिग बोस २०’ को नयाँ कप्तान बनिन् कनिका मान

क्याप्टेन्सी टास्कमा लव गिल र आसिफ खानलाई पछि पारिन्, घरभित्र प्रतियोगीबीच झगडा

सलमान खानको रियालिटी शो ‘बिग बोस २०’ यतिबेला चर्चामा छ। शोमा दिनहुँ नयाँ ट्विस्ट र उतारचढाव देखिन थालेका छन्। पछिल्लो एपिसोडमा घरका सदस्यबीच कप्तान बन्ने प्रतिस्पर्धा भएको थियो। क्याप्टेन्सी टास्कमा सबै प्रतियोगी एकअर्कालाई पछि पार्ने प्रयासमा देखिएका थिए।

टास्कका क्रममा यड डीएसए र गुल्लूबीच झगडा भयो। त्यस्तै, स्काउट ओपी र अरिश्फा खानबीच पनि विवाद देखियो। यसैबीच घरले नयाँ कप्तानसमेत पाएको छ। सबै प्रतियोगीलाई पछि पार्दै कनिका मानले क्याप्टेन्सी टास्क जितेकी छन्।

कनिका मान बनिन् नयाँ कप्तान

पछिल्लो एपिसोडमा प्रतियोगीहरूबीच कप्तान बन्न प्रतिस्पर्धा भएको थियो। क्याप्टेन्सी टास्कको नियमअनुसार सबै प्रतियोगी निश्चित आकारको एउटा बाकसभित्र उभिनुपर्ने थियो। बाकसभन्दा बाहिरिने दुई सदस्य कप्तान बन्ने प्रतिस्पर्धाबाट बाहिरिने नियम थियो। यसरी एकपछि अर्को गर्दै प्रतियोगीहरू प्रतिस्पर्धाबाट बाहिरिँदै गए। अन्तिम चरणमा लव गिल, आसिफ खान र कनिका मानबीच प्रतिस्पर्धा भएको थियो। अन्ततः लव र आसिफ बाहिरिएपछि कनिका मान घरको नयाँ कप्तान बनेकी हुन्। उनले सबै प्रतियोगीलाई पछि पार्दै यो उपलब्धि हासिल गरिन्।

प्रतियोगीहरूबीच झगडा

क्याप्टेन्सी टास्कका क्रममा गुल्लू र यड डीएसएबीच विवाद भएको थियो। टास्कबाट गुल्लू बाहिरिनेबित्तिकै यडले उनीमाथि व्यङ्ग्य गर्दै हाँस्न थाले। त्यसपछि गुल्लू रिसाउँदै यडलाई धक्का दिन पुगे। यससँगै दुवैबीच विवाद चर्किएको थियो।

त्यस्तै, स्काउट ओपी र अरिश्फा खानबीच पनि भनाभन भएको थियो। टास्कका क्रममा अरिश्फाको घुँडा स्काउटको अनुहारमा लागेपछि उनीहरूबीच विवाद सुरु भएको थियो।

यी ६ जना परे मनोनयनमा

यस साता घरबाट बाहिरिने प्रक्रियाका लागि छ जना प्रतियोगी मनोनयनमा परेका छन्। मनोनयनमा पर्नेहरूमा स्काउट ओपी, आम्रपाली दुबे, लवप्रीत गिल, गुल्लू, कनिका मान र आसिफ खान रहेका छन्।

अन्य प्रतियोगी भने मनोनयनबाट सुरक्षित भएका छन्। आगामी ‘विकेन्डका वार’ कार्यक्रममा सलमान खानले मनोनयनमा परेका प्रतियोगीमध्ये एक जनालाई घरबाट बाहिरिएको घोषणा गर्नेछन्। त्यससँगै एक प्रतियोगीको ‘बिग बोस २०’ यात्रा समाप्त हुनेछ।

टिकटकले तीन महिनामा हटायो नेपालका २६ लाख ३६ हजार बढी भिडियो

काठमाडौं। टिकटकले सन् २०२६ को दोस्रो त्रैमासिक (अप्रिलदेखि जुनसम्म) को कम्युनिटी गाइडलाइन्स इन्फोर्समेन्ट रिपोर्ट सार्वजनिक गरेको छ। रिपोर्टअनुसार यो तीन महिनाको अवधिमा टिकटकले कम्युनिटी गाइडलाइन्स उल्लङ्घन गरेका नेपालका २० लाख ३६ हजार १९१ वटा भिडियो हटाएको छ।

यो नेपालमा प्रकाशित कुल भिडियोको ०.४ प्रतिशत भएको टिकटकले जनाएको छ। प्रयोगकर्ताले रिपोर्ट गर्नुअघि नै पहिचान गरी हटाइएका भिडियोको दर ९९.५ प्रतिशत छ।

गाइडलाइन्स उल्लङ्घन गरेका ९२.३ प्रतिशत भिडियो २४ घण्टाभित्र हटाइएको थियो। थप समीक्षा गरेपछि ३३ हजार ५०३ वटा भिडियो पुनर्स्थापना गरिएका छन्।

यो अवधिमा टिकटकले विश्वव्यापी रूपमा १८ करोड, ८२ लाख ९८ हजार १४१ वटा भिडियो हटाएको छ। जुन यस प्लेटफर्ममा अपलोड गरिएका कुल कन्टेन्टको करिब ०.५ प्रतिशत हो।

तीमध्ये १८ करोड ३३ लाख ४४ हजार ७०७ वटा भिडियो अटोमेटेड डिटेक्सन टेक्नोलोजीको प्रयोगबाट हटाइएको टिकटकले जनाएको छ।

टिकटकले यस अवधिमा १४ करोड ६८ लाख ७ हजार ४०० वटा फेक एकाउन्ट हटाइएको छ। यसका अतिरिक्त, १३ वर्षभन्दा कम उमेरका प्रयोगकर्ताको हुन सक्ने आशंका गरिएका २ करोड ६८ लाख ४० हजार ७६७ वटा एकाउन्ट पनि हटाइएका छन्।

कम्युनिटी गाइडलाइन्स उल्लङ्घन गरेको भन्दै २७ करोड ८३ लाख ८४ हजार ४६३ वटा कमेन्टसमेत हटाइएको छ।

प्रकाशित सामग्रीमध्ये २.४ प्रतिशत लाइभ कन्टेन्ट पेन्डिङमा राखिएको छ। कारबाहीस्वरूप टिकटकले ७६ करोड ७२ लाख १ हजा ०९३ वटा लाइभ सेसन र २६ करोड ७८ लाख १ हजार १३५ जना लाइभ क्रिएटरलाई चेतावनी दिएको वा उनीहरूबाट आम्दानी गर्ने सुविधा हटाएको छ।

‘मायालाई के दिऊँ म बैना’ले पायो पाँच करोड भ्युज

‘लालिबजार’को गीतको सफलतामा स्वस्तिमा दङ्ग, आफ्नो करियरमा गीतहरूको भूमिका महत्त्वपूर्ण रहेको भनाइ

अभिनेत्री स्वस्तिमा खड्काले एउटा तस्बिर सार्वजनिक गर्दै लेखेकी छन्, ‘नेपालका कतिपय ठाउँमा, जहाँ सायद मेरा फिल्महरू पुग्न सकेनन्, त्यहाँ मेरा गीतहरूले मलाई पुऱ्याइदिए। मेरो करियरमा गीतहरूको भूमिका एकदमै ठूलो छ।’

उनले यो प्रसङ्ग उठाउनुको कारण हो, ‘मायालाई के दिऊँ म बैना’ गीतले पाएको सफलता। उक्त गीतले युट्युबमा पाँच करोडभन्दा बढी भ्युज पाएपछि खुसी हुँदै स्वस्तिमाले सामाजिक सञ्जालमा आफ्नो भावना व्यक्त गरेकी हुन्।

यो गीत फिल्म ‘लालिबजार’को हो। षट्कोण आर्ट्सको ब्यानरमा निर्माण भएको फिल्मको उक्त गीत युट्युबमा सार्वजनिक भएको सात महिना पुग्न लागेको छ।

खेम सेन्चुरी र दीपिका बयम्बु मगरको स्वर, रमेश बीजीको शब्द तथा खेम सेन्चुरीकै सङ्गीत रहेको गीतमा स्वस्तिमा खड्का र समाइरा थापालगायतको आकर्षक प्रस्तुति छ। प्रदीप लामाको नृत्य निर्देशन रहेको यस गीतले युट्युबसँगै टिकटक र रिल्समा पनि दर्शकको ध्यान खिचेको छ।

नेपाली चलचित्रका गीतबीच युट्युबमा भ्युजको प्रतिस्पर्धा बढिरहेका बेला ‘मायालाई के दिऊँ म बैना’ले हासिल गरेको सफलताले गीतको लोकप्रियतासँगै चलचित्रको डिजिटल पहुँचसमेत विस्तार भएको देखाएको छ।

तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

आवश्यक टेलिफोन नम्बरहरू

एम्बुलेन्स

मिथिला युवा समाज नेपाल	९८४४१०४३४४,०४१-५२८९०६
श्री गणेश युवा कमिटी	९८०१६२५४२४,९८५४०२७७०३
श्री विश्वकर्मा युवा कमिटी	९८१५८९४४९५,९८१२०९२४८५
सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार)	९८४४९९०५,९८०४८०५६४३
माँ सहयोगी नेपाल (देवडिहा-१)	९८०१६०४३८९
नव मिथिला युवा कमिटी	९८५४०२८३०३,९८०७८९९८८१
मिथिला स्वास्थ्य सहकारी संस्था	९८५४०२२४७४,९८०१६२२४७४
रामानन्द युवा क्लव	९८०४८२७४०५
एम्बुलेन्स रेडक्रस	१०२,०४१-५२०८७०
मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स	९८१५८९३००५,०४१-५२५४४८
धनुषा अस्पताल पा.लि.	५२४७७०, ५२५८००

प्रहरी कार्यालय

जिल्ला प्रहरी कार्यालय	०४१-५२००९९,१००
सशस्त्र प्रहरी बल मुजेलिया	०४१-५२७९०५,५२७२१३
सुरक्षा गुल्म जनकपुर ब्यारेक	०४१-५२६५८६
ट्राफिक प्रहरी कार्यालय जिरोमाइल	०४१-५२०३६६
जानकी प्रहरी चौकी जानकी चौकी	०४१-५२०३४४
इलाका प्रहरी कार्यालय स्टेशन	०४१-
मुजेलिया प्रहरी चौकी	०४१-५२०७५०
हनुमान नगर प्रहरी चौकी	
प्रहरी चौकी बलवा टोल	

अस्पतालहरू

जनकपुर अञ्चल अस्पताल	०४१-५२००३३
जिल्ला जनस्वास्थ्य कार्यालय	०४१-५२०६२८, ५२६२७१
धनुषा अस्पताल पा.लि.	५९०८००, ५२५८००
आँखा अस्पताल	०४१-५२०३९७
बछार प्रसुति केन्द्र	५२२४५७

महत्वपूर्ण कार्यालयहरू

जनकपुर उपमहानगरपालिका	०४१-
बरुण यन्त्र जउमनपा	०४१-५२००११
बस पार्क	०४१-५२०९९८
जनकपुर विमान स्थल	०४१-५२००४४
बुद्ध एयर	०४१-५२५०२१, ५२५०२२
यति एयर	०४१-५२५००४७, ५२५०२२
विद्युत फयुज शाखा	०४१-५२०१५१
जानकी केवुल	०४१-५२३७२८
शाह केबुल	०४१-५२४७२२

संस्कार

लोकप्रियताको मोहमा हराएको समाज

कमजोर हुँदै गएको पारिवारिक आत्मीयता, अधिकारमा देखिने दोहोरो चरित्र र लोकप्रियताको अन्धदौडले समाजको मानवीय संवेदनामाथि गम्भीर प्रश्न उठाइरहेको छ।

ज्योति झा

जनकपुरधाम, १३ कात्तिक । आज केही लेख्न मन लाग्यो। तर, कलम समात्न खोज्दा मनमा एउटा प्रश्न उब्जियो–आफ्नै समाजको यथार्थ लेखेर खुसी हुने कि त्यसको अवस्था देखेर दुःखी हुने? कताकता डर पनि लाग्यो। किनकि आजको समयमा सत्य बोल्नुभन्दा लोकप्रिय हुनु सजिलो छ। वास्तविक समस्या उठाउनुभन्दा मानिसको ध्यान खिच्नु प्रभावकारी मानिन्छ। समाजका कमजोरी औँल्याउनुभन्दा आदर्शको मुखौटा लगाउनु नै फाइदाजनक देखिन्छ।

हामी विकासको कुरा गर्छौं, आधुनिकताको चर्चा गर्छौं र प्रविधिले संसारलाई नजिक बनाएकोमा गर्व गर्छौं। तर, यही परिवर्तनको भीडमा एउटा महत्त्वपूर्ण प्रश्न छुटिरहेको छ–हामीले सुविधा त बढायौँ, तर के मानवीय संवेदना पनि जोगाउन सक्यौँ?

आज संसारभरका मानिससँग जोडिने माध्यम हाम्रो हातमा छ। तर, आफ्नै परिवारसँग मन खोलेर कुरा गर्ने समय छैन। सामाजिक सञ्जालमा हजारौँ साथी छन्, तर दुःखको घडीमा साथ दिने आत्मीय सम्बन्ध कमजोर हुँदै गएका छन्। संस्कारको व्याख्या गर्नेहरू धेरै छन्, तर त्यसलाई व्यवहारमा उतार्नेहरू कति छन्? समाजका लागि काम गर्नुभन्दा समाजले आफूलाई हेरोस् भन्ने चाहना किन बढिरहेको छ?

कुनै समय एउटै घरमा सात पुस्तासम्मको इतिहास जोडिएको हुन्थ्यो। हजुरबा, हजुरआमा, आमाबुवा, छोराछोरी र नातिनातिनासम्म एउटै छानामुनि जीवन बिताउँथे। नुनरोटी नै किन नहोस्, परिवारका सदस्यहरू सँगै बसेर खान्थे। परिवारको एक सदस्यको दुःख सबैको दुःख हुन्थ्यो भने कसैको खुसी सिंगो घरको उत्सव बन्थ्यो। घरमा हाँसो, रमाइलो वा झगडा नै किन नहोस्, त्यसको आवाज छिमेकसम्म पुग्थ्यो। तर, अहिले मोबाइलको आवाजले घर गुन्जिन्छ, परिवारभित्र भने सन्नाटा छाउँछ।

आज घरहरू आधुनिक बनेका छन्। सुविधाहरू बढेका छन्। व्यक्तिगत स्वतन्त्रताको महत्त्व पनि बढेको छ। छुट्टै घरमा बस्नु वा स्वतन्त्र जीवन बिताउनु आफैँमा नराम्रो होइन। समस्या त्यतिबेला सुरु हुन्छ, जब घर छुट्टिँदा मन पनि छुट्टिन्छ, सम्बन्धबाट आत्मीयता हराउँछ र जिम्मेवारीबाट पन्छिने प्रवृत्ति बढ्छ।

एउटै घरमा परिवारका सदस्यहरू सँगै हुन्छन्, तर सबै आ–आफ्नै मोबाइलमा व्यस्त छन्। अपरिचितको पोस्टमा प्रतिक्रिया दिन समय छ, तर आफ्नै आमाबुवासँग बसेर दुई शब्द बोल्ने फुर्सद छैन। संसारभरका गतिविधिबारे जानकारी हुन्छ, तर आफ्नै घरभित्र कसले कुन पीडा लुकाइरहेको छ भन्ने थाहा हुँदैन।

अझ विडम्बना त के छ भने कतिपय मानिस वृद्ध आमाबुवाको हालखबर सोध्नसमेत समय निकाल्दैनन्। तर, सामाजिक सञ्जालमा 'मातृदेवो भवः, पितृदेवो भवः' लेख्न भने बिर्सँदैनन्। आमाबुवा जीवित छँदा उनीहरूको दुःख, आवश्यकता र भावनाप्रति बेखबर रहने तथा आफ्नै इच्छाअनुसार जीवन बिताउनेहरू नै उनीहरूको मृत्युपछि सोह्रश्राद्धका तस्बिर राखेर श्रद्धा प्रदर्शन गर्छन्। यस्तो प्रवृत्तिले गम्भीर प्रश्न उठाउँछ–जीवित छँदा दुई शब्द माया दिन नसक्नेले मृत्युपछि श्रद्धाको प्रदर्शन गरेर मात्र आफ्नो कर्तव्य पूरा हुन्छ र?

जसले जीवनभर दुःख गरेर घर बनाए, सन्तानको भविष्यका लागि आफ्ना सुख-सुविधा त्यागे, आज कतिपय अवस्थामा तिनै अभिभावक वृद्धाश्रममा वा आफ्नै घरभित्र पीडा सहेर जीवन बिताउन बाध्य छन्। जसले घर बनाए, उनीहरू नै उपेक्षामा छन्। जसले त्यही घर पाए, उनीहरू मालिक बनेर अधिकार जमाउँछन्। तर, जिम्मेवारी निर्वाह गर्ने बेला भने पछि हट्छन्।

कर्तव्य पूरा गर्नु छैन, तर अधिकारचाहिँ पूर्ण रूपमा चाहिएको छ। यही हो हाम्रो समाजको बढ्दो विडम्बना।

समाजको अर्को दोहोरो चरित्र पनि हेरौँ। आफू छोरीको आमाबुवा हुँदा गर्व गर्ने, छोरीको भविष्यका लागि सम्पत्ति जोड्ने र उनको सुखका लागि अनेक सपना बुन्नेहरू नै कतिपय अवस्थामा आफ्नै बाबुकी छोरी अर्थात् आफ्नी बहिनीको हक र अधिकारको कुरा आउँदा पछि हट्छन्।

आफूले जन्माएकी छोरीका लागि माया, सम्मान र समान

अधिकारको वकालत गर्ने, तर आफ्नै बहिनीलाई सम्पत्तिमा हक दिनुपर्दा बोझ ठान्ने–यो कस्तो न्याय हो? आफ्नी छोरीको अधिकार प्रिय हुने, तर आफ्नै बहिनीको अधिकार बोझ लाग्ने सोचले समाजमा समानताको भाषण गर्नेहरूको दोहोरो चरित्र उदाङ्गो पार्छ।

सम्बन्ध र जिम्मेवारीलाई स्वार्थअनुसार परिभाषित गर्न थाल्यौँ भने परिवारको जग मात्र कमजोर हुँदैन, हाम्रो सामाजिक नैतिकता पनि खिइँदै जान्छ। यही अवस्था बढ्दै गयो भने भोलि आफ्नै वा छिमेकीको घरमा कोही बिरामी पर्दा, दुःखमा हुँदा वा मृत्यु हुँदा समेत समयमै खबर नपाउने अवस्था आउन सक्छ।

यो सम्बन्ध कमजोर भएको संकेत मात्र होइन, समाजको सामूहिक संवेदना हराउँदै गएको चेतावनी पनि हो। संस्कार र संस्कृति चाडपर्वमा लगाइने पहिरन, खिचिने तस्बिर वा सामाजिक सञ्जालमा लेखिने नारामा मात्र सीमित हुँदैनन्। तिनको वास्तविक अस्तित्व हाम्रो व्यवहार, जिम्मेवारी, पारिवारिक सम्बन्ध र जीवनशैलीमा हुन्छ।

अरूको संस्कृति सम्मान गर्नु सभ्यताको परिचय हो। तर, अरूको बाहिरी चमक अपनाउने क्रममा आफ्नै संस्कृतिको मर्म बिर्सनु विडम्बना हो। आज कतिपय अवस्थामा आफ्ना परम्परा र संस्कारलाई जीवनमा आत्मसात् गर्नुभन्दा आकर्षक भिडियो र पोस्टमार्फत प्रदर्शन गर्न बढी रुचि देखिन्छ।

आफ्नो संस्कृतिका नाममा सामग्री बनाउनु गलत होइन। प्रविधिको प्रयोग गरेर संस्कृतिको प्रचार गर्नु सकारात्मक पक्ष हो। तर, संस्कृतिको संरक्षण गर्ने दाबी गर्दै त्यसको मूल भावना र व्यवहारलाई बेवास्ता गरिन्छ भने त्यसलाई संरक्षणभन्दा प्रदर्शन भन्नु उचित हुन्छ। देखावा कहिल्यै संस्कारको विकल्प बन्न सक्दैन।

सामाजिक सञ्जालले अभिव्यक्ति, सूचना, व्यवसाय र प्रतिभा प्रदर्शनका लागि अभूतपूर्व अवसर दिएको छ। पहिले आफ्नो व्यवसाय वा सिर्जनाको प्रचार गर्न ठूलो रकम खर्चिनुपर्थ्यो। आज मोबाइल र इन्टरनेटको सहायताले सामान्य व्यक्तिले पनि आफ्नो विचार र उत्पादन हजारौँ मानिससम्म पुर्‍याउन सक्छ।

तर, यही अवसरको अर्को पाटो पनि छ–लोकप्रियताको अन्धदौड। आफैँ पेज बनाउनुहोस्, आफ्नै प्रचार गर्नुहोस् र अरूलाई पनि प्रचार गर्न लगाउनुहोस्। बिहान उठ्नेबित्तिकै पोस्ट गर्नुहोस् र राति सुत्नुअघि फेरि पोस्ट गर्नुहोस्। चिया खाएकोदेखि घुम्न गएकोसम्म, सामान्य कुराकानीदेखि निजी जीवनका गतिविधिसम्म सबै सार्वजनिक गर्नुहोस्।

यतिले पनि पुगेन भने प्रत्यक्ष प्रसारणमा बस्नुहोस्। विषयवस्तु होस् वा नहोस्, तयारी होस् वा नहोस्, जे मन लाग्यो त्यही बोल्नुहोस्। अझ भाइरल हुन मन छ भने विवाद सिर्जना गर्नुहोस्, अरूमाथि आरोप लगाउनुहोस् वा गालीगलौजमै उत्रिनुहोस्। निजी जीवनलाई मनोरञ्जनको सामग्री बनाएर सार्वजनिक बजारमा प्रस्तुत गर्नुहोस्।

व्यङ्ग्य के छ भने पहिले मानिस आफ्नो कामको प्रचार गर्थे, अहिले कतिपय अवस्थामा प्रचार गर्नकै लागि काम गरेको देखाउने प्रवृत्ति बढेको छ। निजी जीवनका कुरा साझा गर्नु वा मनोरञ्जनात्मक सामग्री बनाउनु आफैँमा गलत होइन। समस्या त्यतिबेला हुन्छ, जब भ्युज र लाइकको लोभमा मर्यादा, सामाजिक उत्तरदायित्व र आत्मसम्मानसमेत दाउमा लगाइन्छ।

अहिले लोकप्रियताको लोभ कतिसम्म बढेको छ भने केही मानिस भ्युजकै लागि आफ्नो निजी जीवन र शरीरलाई समेत प्रदर्शनको वस्तु बनाउन पछि पर्दैनन्। प्रश्न स्वतन्त्रताको होइन, लोकप्रियताका लागि हामी आफ्नो मर्यादाको सीमा कहाँसम्म घटाउँदै छौँ भन्ने हो।

आजको सामाजिक सञ्जालमा देखिने अर्को विडम्बना हो–वास्तविक काम गर्नेहरू ओझेलमा पर्नु र प्रचार गर्न सिपालुहरू चर्चामा रहनु। शिक्षा, स्वास्थ्य, बेरोजगारी, भ्रष्टाचार, महिला हिंसा र सांस्कृतिक क्षयजस्ता गम्भीर विषयले अपेक्षित ध्यान पाउँदैनन्। तर, विवादास्पद अभिव्यक्ति, आरोप-प्रत्यारोप र निरर्थक प्रदर्शनले छोटो समयमै हजारौँ भ्युज बटुल्न सक्छन्। यसको अर्थ मनोरञ्जन आवश्यक छैन वा दर्शकको रुचि गलत छ भन्ने होइन। प्रश्न यति मात्र हो–हामीले गम्भीर विषयलाई कति महत्त्व दिइरहेका छौँ र लोकप्रियताको नाममा कस्ता प्रवृत्तिलाई प्रोत्साहन गरिरहेका छौँ?

समाजका लागि निःस्वार्थ काम गर्ने व्यक्ति चर्चाबाहिर रहन सक्छ, जबकि सामान्य कामलाई भव्य प्रचारमा बदल्ने व्यक्ति लोकप्रियताको शिखरमा पुग्न सक्छ। मेहनत कसैले गर्छ, श्रेय अर्कैले लिन्छ। योगदान कसैले दिन्छ, सम्मान अर्कैले पाउँछ। यही अवस्थालाई एउटा पुरानो उखानले ठ्याक्कै चित्रण गर्छ–'काम गर्ने कालु, मकै खाने भालु'

जब कामभन्दा प्रचार र योगदानभन्दा देखावालाई महत्त्व दिइन्छ, तब वास्तविक कर्म गर्नेहरू निरुत्साहित हुन्छन्। विस्तारै समाजमा काम गरेर पहिचान बनाउनेभन्दा पहिचान बनाएर काम गरेको देखाउने प्रवृत्ति हाबी हुन थाल्छ। आजको अवस्थालाई हेर्दा भन्न मन लाग्छ–यो कलियुग मात्र होइन, कतिपय अवस्थामा 'अर्थयुग' पनि बनेको छ। यहाँ अर्थ अर्थात् पैसा, स्वार्थ र लाभले सम्बन्ध, सिद्धान्त र संवेदनशीलतालाई समेत प्रभावित गर्न थालेको छ।

पैसा आवश्यक छ। जीवन चलाउन, परिवार पाल्न र भविष्य सुरक्षित गर्न यसको महत्त्व अस्वीकार गर्न सकिँदैन। तर, पैसा नै सबैथोक होइन। जब मानिसको मूल्य उसको चरित्र, इमानदारी र योगदानबाट नभई आर्थिक हैसियत, पहुँच र प्रचारबाट मापन हुन थाल्छ, तब समाजको नैतिक आधार कमजोर हुन्छ। सामाजिक सञ्जालमा हिरो बन्नु ठूलो कुरा होइन, वास्तविक जीवनमा असल मानिस बन्न सक्नु ठूलो कुरा हो।

पोस्टले चर्चा कमाउन सक्छ, तर कर्मले इतिहास बनाउँछ। संस्कारको भाषण गर्न सजिलो छ, संस्कारअनुसार बाँच्न कठिन। अधिकार माग्न सजिलो छ, कर्तव्य पूरा गर्न कठिन। समाजको आलोचना गर्न सजिलो छ, आफूलाई सुधार्न कठिन।

एकपटक सोचौँ–हामी समाजका लागि केही गरिरहेका छौँ कि समाजले हामीलाई हेरोस् भनेर मात्र बाँचिरहेका छौँ? हामी संस्कार जोगाइरहेका छौँ कि संस्कारको नाममा प्रदर्शन गरिरहेका छौँ? हामी सम्बन्ध निभाइरहेका छौँ कि आवश्यक पर्दा मात्र सम्बन्धको उपयोग गरिरहेका छौँ?

बिहानको सुरुवात ताजा समाचारसँगै । बिहान-बिहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

मधेशमा नयाँ सत्ता समीकरणको कसरत, तीन दलबीच छलफल तीव्र

एमाले, जसपा नेपाल र जनमत पार्टीको गठबन्धन प्रयास; मुख्यमन्त्रीको नेतृत्वमा सहमति जुट्न बाँकी

दैनिक समाचारदाता

जनकपुरधाम, १३ कात्तिक । मधेश प्रदेशमा नयाँ सरकार गठनका लागि नेकपा (एमाले), जनता समाजवादी पार्टी (जसपा) नेपाल र जनमत पार्टीबीच राजनीतिक छलफल तीव्र बनेको छ । नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव नेतृत्वको सरकारबाट एमालेले समर्थन फिर्ता लिएपछि यी तीन दल नयाँ सत्ता समीकरण निर्माणको कसरतमा जुटेका हुन् ।

एमालेले गत असोज २९ गते सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै मधेश प्रदेशको सत्ता समीकरणमा फेरबदल आएको हो । त्यसयता एमाले, जसपा नेपाल र जनमत पार्टीका नेताहरूबीच नयाँ सरकार गठनका विषयमा संवाद अघि बढेको छ ।

जनमत पार्टीका नेता तथा प्रदेशसभा सदस्य महेशप्रसाद यादवले तीन दलबीच नयाँ सरकार गठनका विषयमा छलफल भइरहेको जानकारी दिए । यद्यपि, सरकारको नेतृत्व कसले गर्ने भन्ने विषयमा अहिलेसम्म ठोस सहमति जुट्न सकेको छैन ।

एमाले संसदीय दलका नेता सरोजकुमार यादवले पनि जसपा नेपाल र जनमत पार्टीका नेताहरूसँग नयाँ सरकार गठनबारे संवाद भइरहेको बताए । चाडपर्व सकिएपछि छलफललाई थप अघि बढाएर निष्कर्षमा पुऱ्याउने उनको भनाइ छ ।

नयाँ गठबन्धन निर्माणको प्रयाससँगै मुख्यमन्त्रीको दाबी पनि पेचिलो बनेको छ । तीनवटै दलले सरकारको नेतृत्वमा आफ्नो दाबी प्रस्तुत गर्दै आएका छन् । प्रदेशसभामा सबैभन्दा ठूलो दल रहेको जसपा नेपालले स्वाभाविक रूपमा सरकारको नेतृत्व आफूले पाउनुपर्ने तर्क गर्दै आएको छ ।

जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादवका अनुसार तीनवटै दलका अध्यक्षबीच केन्द्रबाटै प्रदेश सरकारको नेतृत्वबारे सहमति जुटाउने समझदारी भएको छ ।

१०७ सदस्यीय मधेश प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा एमालेका २३, जसपा नेपालका २७ र जनमत पार्टीका १२ सदस्य छन् । यी तीन दलका सदस्य जोड्दा ६२ पुग्छ, जुन सरकार गठनका लागि आवश्यक बहुमतभन्दा आठ बढी हो ।

त्यस्तै, नेपाली कांग्रेसका २२, नेपाली कम्युनिष्ट पार्टीका १५ तथा सङ्घीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक(एक सदस्य छन् ।

तीन दलबीच सहमति जुटेमा वर्तमान सरकारको विकल्पमा नयाँ गठबन्धन सरकार गठनको बाटो खुल्नेछ । तर, सत्ता साझेदारी र मुख्यमन्त्रीको नेतृत्व कसले गर्ने भन्ने विषयमा सहमति हुन बाँकी छ । त्यसैले मधेश प्रदेशको आगामी राजनीतिक दिशा तीन दलका नेताहरूबीच हुने छलफल र सहमतिले निर्धारण गर्ने देखिन्छ ।

मासम नेपालको मधेश प्रदेश समन्वय समिति गठन

दैनिक समाचारदाता

जनकपुरधाम, १३ कात्तिक । मानवअधिकार संरक्षण मञ्च (मासम) नेपालको मधेश प्रदेश समन्वय समिति गठन गरिएको छ । मधेश प्रदेशमा मानवअधिकार संरक्षण तथा संवर्द्धनको क्षेत्रमा क्रियाशील मानवअधिकारकर्मीहरूको बैठकले नौ सदस्यीय प्रदेश समन्वय समिति गठन गर्ने निर्णय गरेको हो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेशका प्रमुख राजु पासवानको संयोजकत्वमा सो समिति गठन गरेको हो ।

समितिको सहसंयोजकमा एम्नेस्टी इन्टरनेसनल समूह ४६ की जमुना भुजेल तथा सचिवमा दलित पत्रकार संघ मधेश प्रदेशका अध्यक्ष कैलास दास चयन हुनुभएको छ ।

त्यसैगरी सदस्यहरूमा इन्सेकका प्रलेख अधिकृत ममता विश्वकर्मा, आफन्त नेपालकी धनुषा जिल्ला संयोजक अमृता घिमिरे, नील हिरा समाजका मधेश प्रदेश संयोजक प्रदीप यादव, कायापलटका संस्थापक अध्यक्ष दिवाकर उप्रेती, नयाँ पत्रिका दैनिकका धनुषा जिल्ला संवाददाता हदिश खुद्दार र अपाङ्ग महिला कल्याणकारी संघ धनुषाकी अध्यक्ष ममता भट्ट चयन हुनुभएको छ ।

समितिका संयोजक पासवानले मासम नेपाल देशको मानवअधिकार आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्ने संस्थामध्ये एक रहेको बताउनुभयो ।

न्यूनतम मानवअधिकार संरक्षण, राजनीतिक बन्दीहरूको रिहाइ तथा मानवअधिकारको प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्यले संस्था स्थापना भएको उहाँले जानकारी दिनुभयो ।

त्यस्तै, सहसंयोजक भुजेलले नेपालमा राजनीतिक दलहरूमाथि प्रतिबन्ध रहेको समयमा राजनीतिक बन्दीहरूको अवस्था, स्वास्थ्य उपचार, परिवारसँगको सम्पर्क, कानुनी सहायता तथा अधिकारका पक्षमा आवाज उठाउन संस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मानवअधिकार, लोकतन्त्र र राजनीतिक बन्दीहरूको अधिकारका पक्षमा संस्थाले निरन्तर पैरवी गर्दै आएको उहाँको भनाइ थियो ।

समितिका सचिव दासले मासम नेपालको ४३औँ स्थापना दिवसका अवसरमा कात्तिक १५ गते 'नेपालको संविधान कार्यान्वयनका दश वर्ष : अवसर र चुनौतीहरू' विषयमा छलफलमूलक कार्यक्रम आयोजना गर्न लागिएको जानकारी दिनुभयो ।

संविधान जारी भएको एक दशकको समीक्षा गर्दै मौलिक हक, मानवअधिकार, संघीयता, समावेशिता, सुशासन तथा तीन तहका सरकारको भूमिका र सेवा प्रवाहमा देखिएका उपलब्धि एवं चुनौतीबारे छलफल गरिने उहाँले बताउनुभयो । संविधानको प्रभावकारी कार्यान्वयन र मानवअधिकार संरक्षणका लागि नागरिक समाजको आवाज सशक्त बनाउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको उहाँको भनाइ थियो । बैठकमा सहभागी मानवअधिकारकर्मीहरूले संविधान कार्यान्वयनको एक दशकमा भएका राजनीतिक तथा संवैधानिक परिवर्तन, संघीयताको अभ्यास, मानवअधिकारको अवस्था, मौलिक हक, सामाजिक न्याय तथा तीन तहका सरकारबीचको समन्वयका विषयमा समीक्षा गरेका थिए ।

जनकपुरमा

त्यस्तै, भव्य राज पप, रक र सूफी संगीतमा सक्रिय युवा गायक हुन् । उनले भारतका विभिन्न विश्वविद्यालय, सांस्कृतिक महोत्सव तथा अन्तर्राष्ट्रिय ब्रान्डका कार्यक्रममा प्रस्तुति दिइसकेका छन्। एमटीभी इन्डिज, रेडियो वन, फिभर एफएम र दूरदर्शनमा समेत उनको प्रस्तुति प्रसारण भएको छ ।

सांगीतिक टोलीमा शशिभूषण झा, गौरव, अमित र सुमितकुमार पनि सहभागी छन् ।

आयोजकका अनुसार यो सांगीतिक यात्रा भारत र नेपालबीचको साझा सांस्कृतिक सम्पदा, लोकपरम्परा र आपसी आत्मीयतालाई नयाँ पुस्तासम्म पुऱ्याउने उद्देश्यले आयोजना गरिएको हो । विशेषगरी जनकपुरजस्तो मिथिलाको ऐतिहासिक तथा सांस्कृतिक केन्द्रमा हुने प्रस्तुतिले दुवै देशका मैथिलीभाषी समुदायबीचको सांस्कृतिक सम्बन्धलाई थप उजागर गर्ने अपेक्षा गरिएको छ ।

सीमापार........

नक्कली नोट र लागुऔषध नियन्त्रण तथा तेस्रो मुलुकका नागरिकको अनधिकृत आवतजावत रोक्न सूचना आदानप्रदानलाई निरन्तरता दिने प्रतिबद्धता दुवै पक्षले व्यक्त गरेका छन् । खुला सीमाको दुरुपयोग गरी हुने तेस्रो मुलुकका नागरिकको अवैध प्रवेश रोक्न सीमा नाकामा जाँच तथा कागजात प्रमाणीकरण कडा बनाउने, दशगजा क्षेत्रमा समन्वयात्मक गस्ती गर्ने र शंकास्पद व्यक्तिबारे तत्काल सूचना आदानप्रदान गर्ने सहमति भएको छ ।

सीमा सुरक्षाका चुनौती सामना गर्न आधुनिक प्रविधि र विशेष तालिममा सहयोग विस्तार गर्ने तथा दुवै सुरक्षा निकायबीच नियमित अध्ययन भ्रमणमार्फत संस्थागत सम्बन्ध थप प्रगाढ बनाउने निर्णयसमेत गरिएको छ ।

परम्परागत सुरक्षा प्रणालीलाई आधुनिक र प्रविधिमैत्री 'स्मार्ट सीमा व्यवस्थापन' मा रूपान्तरण गर्ने विषयमा पनि बैठकमा छलफल भएको छ । दशगजा क्षेत्रको निगरानीका लागि सीसीटीभी, प्रमुख सीमा नाकामा लगेज स्क्यानर र वाक-थ्रु मेटल डिटेक्टर जडान गर्ने तथा दुवै देशले आ-आफ्नो भूभागमा ड्रोनको प्रयोग बढाउने विषयमा छलफल भएको हो ।

त्यस्तै, बाढी, पहिरो र भूकम्पजस्ता प्राकृतिक विपद् व्यवस्थापनका लागि चितवनको कुरिनटारस्थित सशस्त्र प्रहरी बल नेपालको विपद् व्यवस्थापन तालिम शिक्षालयमा तालिम सञ्चालन गर्ने विषयमा पनि छलफल गरिएको छ ।

वैधानिक रूपमा सीमा पार गर्ने यात्रुको सहजताका लागि सीमा नाकामा सहायता कक्ष विस्तार गर्ने, मैत्रीपूर्ण खेलकुद तथा विभिन्न अन्तर्राष्ट्रिय दिवस र प्रमुख चाडपर्वका अवसरमा संयुक्त सांस्कृतिक कार्यक्रम आयोजना गर्ने सहमति पनि भएको छ । यसबाट द्विपक्षीय विश्वास र आपसी सद्भाव अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

सन् २०१२ देखि पालैपालो नेपाल र भारतमा आयोजना हुँदै आएको सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बलबीचको द्विपक्षीय समन्वय बैठकको आगामी संस्करण भारतमा आयोजना गरिने सशस्त्र प्रहरी बलका प्रवक्ता नेत्रबहादुर कार्कीले जानकारी दिए ।

सामाजिक सञ्जाल प्रयोगमा सतकर्ता अपनाऔं

❖ सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं,
❖ राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,

❖ कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
❖ जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
❖ शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग, जस्ता कार्यहरु कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४